# मध्य पहाडी लोक मार्ग तथा हुलाकि मार्गका बजार लक्षित एकिकृत दुग्ध उत्पादन प्रबर्द्धन कार्यक्रम सन्चालन कार्यविधि

# २०७७

**पाँचखाल नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पाँचखाल, काभ्रेपलाञ्चोक**
**३ नं. प्रदेश, नेपाल**

# मध्य पहाडी लोक मार्ग तथा हुलाकी मार्गका बजार लक्षित एकिकृत दुग्ध उत्पादन प्रबर्द्धन कार्यक्रम सन्चालन कार्यविधि २०७७

नेपालमा पहिलो पंचबर्षिय योजनाबाटै ब्यबस्थित दुग्ध उध्योगको शुरुवात बि.स.१९५६मा भै हाल नेपालमा एक सहकारी दुग्ध विकाश संस्थान र केहि ठुला तथा मझौला दुग्ध उद्योगको साथै दुग्ध उत्पादन सहकारि संस्था तथा तिनीहरुको छाता संगठन केन्द्रिय दुग्ध सहकारि संघ समेत कृयाशिल छन् ।यिनै सहकारी संस्था तथा निजि डेरि उद्योगका संकलन कन्द्रेबाट कुल उत्पादनको करिब १५ प्रतिशत मात्र कच्चा दुध बजारमा पुग्दछ । स-साना असंगठित कृषकहरुबाट अब्यबस्थित तथा असंगठित रुपमा बजारमा प्रबाह भएको दुग्ध तथा दुग्धजन्य पदार्थको गुणस्तर तथा दिगोपना कायम राख्न नसकिने र दुधको क्षेत्रिय तथा राष्ट्रिय बजार, बजारमा संभाबित डेरि पकेट क्षेत्रहरुको पहुँच समेत नपुगी दुधको मूल्य श्रृंखलाको बिकास समेत हुन नसक्दा रोजगारी र दुधको उचित मूल्य समेत कृषकले पाउन सकेका छैनन् । त्यसैले नयाँ बिकशित हुदै गरेका बजार क्षेत्रहरु र राष्ट्रिय बजारमा समेत दुधको संगठित तथा उत्पादन बजारिकरण गर्न अपरिहार्य भएकाले नेपाल सरकारको यो कार्यक्रम ब्यबस्थित, सरल, सहज, प्रभाबकारी र पारदर्शी रुपले संचालन गर्न पाँचखाल नगरपालिका बाट मध्य महाडी लोक मार्ग तथा हुलाकि मार्गका बजार लक्षित एकिकृत दुग्ध उत्पादन प्रबर्द्धन कार्यक्रम सन्चालन कार्यविधि २०७७ जारी गरिएको छ ।

# परिच्छेद १

## प्रारम्भिक

१. प्रारम्भिक

क. संक्षिप्त नाम र प्रारम्भ

१. यो कार्यबिधिको नाम "मध्य महाडी लोक मार्ग तथा हुलाकि मार्गका बजार लक्षित एकिकृत दुग्ध उत्पादन प्रबर्दन कार्यक्रम सन्चालन कार्यविधि २०७७" रहेको छ ।

२.यो कार्यविधि पाँचखाल नगरपालिका, नगर कार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. परिभाषा बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. 'कार्यलय' भन्नाले पाँचखाल नगरपालिका सम्झनु पर्छ ।

ख. 'कार्यदल' भन्नाले नगर पशु विकाश कार्यदल सम्झनु पर्छ ।

ग. 'कार्यबिधि' भन्नाले मध्य महाडी लोक मार्ग तथा हुलाकि मार्गका बजार लक्षित एकिकृत दुग्ध उत्पादन प्रबर्दन कार्यक्रम सन्चालन कार्यविधि २०७७ सम्झनु पर्छ ।

३. उद्देश्यहरु

मध्य पहाडी लोक मार्ग तथा हुलाकि मार्ग तथा लिंक रोड क्षेत्रमा बिकाश भैरहेका घना बस्ति तथा बजार क्षेत्र वरिपरि एकिकृतरुपमा गुणस्तरिय दुध उत्पादन गरि ती बजार क्षेत्रमा दुध क्षेत्रिय तथा राष्ट्रिय बजारमा समेत पुर्‍याउनु यो कार्यक्रमको मुख्य उद्देश्य हो भने अन्य उदेष्यहरु निम्न अनुसार छन् ।

क. स्थानिय जातका गाई भैसिहरुको नश्ल सुधार गरि उत्पादन र उत्पादकत्वमा बृध्दि गर्ने ।

ख. दुग्ध मूल्य श्रृंखलामा आधारित ब्यबसाय तथा उद्योग प्रबर्ध्दन गरि रोजगारिमा अभिबृध्दि गर्ने ।

ग. गुणस्तरिय दुध उत्पादन गरि उपभोक्ताहरुलाई खाध्य तथा पोषण सुरक्षाको प्रत्याभुति दिलाउने ।

घ. मन्त्रालयको दूधमा आत्मानिर्भर हुने प्रतिबध्दता पुरा गर्न सहयोग गर्ने ।

ङ. मध्य महाडी लोक मार्ग तथा हुलाकि मार्गका बजार लक्षित एकिकृत दुग्ध उत्पादन प्रबर्दन कार्यक्रम

४. कार्यक्रमको अबधि १ बर्षको हुने छ ।

५. वडा वा वडाहरु छनौट गर्ने आधार

पशु नश्ल सुधार, धाँसेबाली, दूधको बजार, शहरिकरणको संभावना, पशुबस्तुहरुको हालको संख्या, दूध उत्पादनको परिमाण जस्ता बिषयहरुमा आधारित भई छनौट गरिने छ ।

६.साझेदार छनौट

यस कार्यक्रममा २ किसिमका साझेदार हुने छन् ।

क. दुध उत्पादन पकेट क्षेत्र र साझेदार छनौट गर्ने आधार

१. विगतदेखि सञ्चालनमा रहेका गाईभैंसी पकेट क्षेत्रहरु वा व्यवसायीक रुपमा दुग्ध उत्पादन गर्न सकिने नयाँ सम्वाभित क्षेत्रहरु ।

२. दुग्ध उत्पादन सहकारी संस्था संचालनमा रहेको वा कार्यक्रम शुरु गरेको पहिलो आ.ब.मै कार्यक्रमसंचालन हुन सक्ने हुनु पर्छ ।

३. दुध उत्पादनमा संलग्न संगठित समुह /समिती/सहकारी संस्थाहरु डेरि पकेट क्षेत्रमा साझेदार हुने छन् । समुह/समितीहरुको हकमा कार्यक्रम शुरु भएको आ.ब.को अन्त्यसम्म दुग्ध उत्पादक सहकारी संस्था गठन भई सक्नु पर्दछ ।

४. यस नगरपालिकामा यस्ता डेरि पकेट क्षेत्र  कम्तिमा पनि १ वटा हुनुपर्छ ।

ख. गुणस्तरिय दुधको संगठित बजारिकरणको लागी साझेदार छनौट गर्ने आधार

यो कार्यक्रम लागु भएको नगरपालिकामा कम्तिमा १ वटा दुध प्रशोधन गर्ने संस्था छनौट हुने छ । दुध बजारिकरण तथा प्रशोधनको आधारमा गत आर्थिक बर्षमा

सम्बन्धित संस्थाले दुध प्रशोधनको आधारमा प्रति लिटर रु २/ का दरले हुन आउने बढिमा ३ लाख सम्म अनुदान प्राप्त गर्न प्रकाशित सूचना अनुसार सम्बन्धित कार्यलयमा निवेदन दिन सक्नेछन ।

१. सम्बन्धित निकायमा दर्ता भई दुध संकलन, प्रशोधन, बिबिधिकरण तथा बितरणमा संलग्न सहकारी वा निजी उध्योग /फर्म

२.जिल्ला स्थित बजार क्षेत्र, क्षेत्रीय वा राष्ट्रिय बजारमा समेत पहुँच र बिस्तार गर्न सक्ने संस्था

७. कार्यक्रम संचालनका लागी साझेदारको छनौट प्रकृया

१. कार्यलयले अनुसूची १ (क) र अनुसूची १ (ख) बमोजिमको प्रस्ताब आह्वान गर्नेछ ।

२. कार्यक्रममा सहभागी हुन ईच्छुक संस्थाहरुले अनुसूची ३ (ख) अनुसारको संक्षिप्त कार्य योजना ५ बर्षको बनाई सम्बन्धित कार्यलयमा अनुसूची २ अनुसासरको निवेदन दर्ता गर्न पर्नेछ ।

३. कार्यलयले दर्ता भएका प्रस्ताबहरुको स्थलगत निरिक्षण गरि प्रारम्भिक पशुपालन  सर्बेक्षण प्रतिबेदन सहित कार्यदलको स्वीकृतको लागी पेश गर्नेछ ।

८. मूल्यांकन तथा छनौट सम्बन्धित कार्यलयले साझेदार मूल्यांकन तथा छनौटका लागी कार्यदल समक्ष पेश गर्नेछ । कार्यदलले प्राप्त प्रस्ताब तथा कार्यक्रम सन्चालनको लागी प्रारम्भिक पशुपालन सर्वेक्षण प्रतिबेदनको आधारमा अनुसूची ४ (क) र अनुसूची ४ (ख) बमोजिम मूल्यांकन गरि साझेदारको छनौट गर्नेछ ।

९. सेवा संचानल प्रकिया

यस कार्यक्रम बमोजिमको सेवा सन्चालन गर्ने प्रकृया देहाय अनुसार हुनेछ ।

१. कार्यालय र छनौट भएका संस्था बिच अनुसुचि ५ (क) र अनुसुचि ५ (ख) अनुसार सम्झौता गरि कार्यक्रम सन्चालन गरिनेछ ।

२. कार्यलयले साझेदारबाट पेस भएको प्रस्ताबित कार्यक्रम तथा बजेट कार्यदलको बैठकबाट अन्तिम रुप दिई बिनियोजित रकमको आधारमा अनुदान स्वीकृत गरिनेछ ।

३. साझेदारले हरेक महिना अनुसुचि ६ बमोजिमको ढाँचामा पशु सेवा केन्द्र मार्फत कार्यालयमा प्रगति पठाउनु पर्नेछ ।

४. दुध उत्पादन पकेट क्षेत्रका साझेदारले अनुसुची ७ (क) देखि ७ (घ) सम्मको अभिलेख राख्नुपर्दछ ।

५. यो कार्यीबिधिसंगै संलग्न गरीएको एकिकृत दुग्ध उत्पादन प्रबर्दन कृयाकलाप संचालनको लागी बिस्तृत बिबरण समेत यसको अंग मानिनेछ र सोहि अनुसार कृयाकलापहरु संचालन गरिनेछ ।

६. यो कार्यक्रमको मूल्यांकन नगरपालिकाबाट गरिनेछ ।

७. यो कार्यक्रम सम्पन्न गर्नको लागी अनुसूची ८ (क) र (ख) सम्म अनुसारका क्रियाकलापहरु संचालन गरिनेछ ।

१०. अपेक्षित प्रतिफल

१. दुध उत्पादनको हिसाबले हालको अबस्था र भबिष्यमा गर्न सकिने संभावनाका आधारमा अत्यन्तै महत्वपुर्ण मानिएका वडाहरुमा ठुलो संख्यामा रहेका गाई भैसिहरुको नश्ल सुधार भई दुधको उत्पादन र उत्पादकत्वमा बृध्दि हुने ।

२. लोकमार्ग तथा हुलाकि मार्गको आसपासको क्षेत्रमा बिकाश हुँदै गइरहेको शहरिकरणको अवस्थालाई मध्यनजर राख्दा दुधको उत्पादन र खपतमा बृध्दि भई पशुपालन ब्यबसायमा थप ब्यबसायीकरण र आधुनिकरण हुने

३.मन्त्रालयको दुधमा आत्मनिर्भर हुने भन्ने प्रतिबध्दतालाई पुरा गर्न सघाउ पुग्ने ।

११. आर्थिक नर्मस् सम्बन्धि बिबरण

क. बार्षिक कार्यक्रममा स्विकृत रकमलाई आधारलाई मान्ने ।

ख. कम्तिमा प्रति ५० उन्नत पशुको डेरिपकेट क्षेत्र र प्रति १०० उन्नत पशुको डेरिपकेट क्षेत्रको लागी कार्य योजना अनुसार अनुदान दिने । पकेट क्षेत्रमा मूख्यतया गोठ सुधार, सफा दुध उत्पादनका लागी आवश्यक उपकरण र आवश्यक भएमा मात्र २० प्रतिशत रकम उन्नत पशु ढुवानि जस्ता कार्यलाई प्राथमिकतामा राख्ने डेरि पकेट क्षेत्र / क्षेत्रहरुबाट कम्तिमा दैनिक १०० देखि ४०० लि.दुध थप भई संगठित बजारमा आउनु पर्दछ ।

ग. बजारीकरणका लागी साझेदार संस्थामा मात्र दुध तथा दुग्ध पदार्थ उत्पादन भण्डारण प्रशोधन तथा बितरण लागी उपलब्ध गराउने ब्यबस्था गरिनेछ ।

## परिच्छेद २

मध्य पहाडी लोकमार्ग र हुलाकि मार्ग लक्षित दुध उत्पादन कार्यक्रम अन्तर्गत गाई/भैसि र श्रोत केन्द्रहरुमा करार भई पाप्त हुने उन्नत पाडी/बाच्छीहरु खरिद तथा बितरण गर्ने ।

१२ कार्यक्रम संचालन हुने वडा तथा वडाहरु नगर पशु बिकाश कार्यदललको छनौटबाट हुनेछ ।

१३ कार्यक्रमको अवधि

यो कार्यक्रमको अबधि १ बर्षको हुनेछ । आबश्यकता, संभावना र बजेटको उपलब्धताको आधारमा आगामि वर्षहरुमा अबधि थप हुनेछ ।

१४ कार्यक्रम संचालन प्रकृया

बिगतका बर्षहरुदेखि संचालनमा रहेका उन्नत गाई तथा भैसि स्रोत केन्द्रहरुमा भएका बाच्छी/पाडीहरुको अभिलेख लिने । स्रोतकेन्द्रमा उत्पादन भएका

बाच्छी/पाडीहरु मध्ये निम्न बमोजिमको मापदण्ड पुगेका श्रोत केन्द्रसँग करार सम्झौता गरि बिक्री गर्न सक्ने बाच्छी/पाडीहरुको छनौट र टयागिङ गर्ने ।

मापदण्ड

१.बाच्छीको हकमा कम्तिमा ५० प्रतिशत जर्सी वा होलस्टीन गाईको जातीय शुध्दता भएको

२.पाडीको हकमा कम्तिमा ५० प्रतिशत मुर्रा भैसिको जातीय शुध्दता भएको

३.बाच्छीको उमेर कम्तीमा १ बर्षको उमेर भएको

४. पाडीको उमेर कम्तीमा १८ महिना भएको

२.कार्यलयको सिफारिसमा कार्यदलले अनुमोदन गरेको क्षेत्रमा कम्तिमा १० जनाका दरले ५ वटा समुह गठन गर्ने ।

३. कार्यलयले संभाबित श्रोत केन्द्र र जनावरहरुको संख्या सहितको बिवरण कार्यालय मार्फत गठित समुहलाई जानकारी गराउने ।

४. सम्बन्धित समुहबाट कम्तिमा २ जना र सम्बन्धित पशु सेवा केन्द्रबाट १ जना प्राबिधिक सहितको टोलीले आफुलाई उपयुक्त हुने श्रोत केन्द्रमा सम्पर्क राखी श्रोत केन्द्रको समितीसँग बार्ता गरि सहमती भएको दररेटमा जनावरहरु खरिद गरिनेछन् ।

५. यसरी खरिद गरिएका जनावरहरु समुहका सदस्यहरु बिच समुहका पदाधिकारीहरुले आपसी सहमती तथा गोला प्रथा ध्दारा सबन्धित कार्यालयको रोहवरमा बितरण गर्नेछन् ।

६. यसरी बितरण गरिएका जनावरहरुको खरिदमा प्रति जनावरमा लागेको परल मुल्यको ७० प्रतिशत वा रु २८ हजार मध्ये जुन कम हुन्छ त्यति रकमसम्म यस नगरपालिकाले सम्बन्धित श्रोत केन्द्रको बैक खातामा उपलब्ध गराउनेछ ।

७. यसरी खरिद गरिएका पशुहरुको अनिबार्य रुपमा बिमा गर्ने दायित्व सम्बन्धित कृषकको हुनेछ ।

८. खरिद गरिएका पशुहरुको उत्पादन बिबरण प्रत्येक चौमासिकमा सम्बन्धित समुह मार्फत नगरपालिका पशुपंक्षी सेवा शाखामा अनिर्वाय रुपमा बुझाउनु पर्नेछ ।

९. यसरी खरिद गरिएका पशुहरुलाई कम्तिमा ३ वर्षसम्म बेचबिखन गर्न पाईने छैन ।

१५. मध्य पहाडी लोक मार्ग तथा हुलाकि मार्गका बजार लक्षित एकिकृत दुग्ध उत्पादन प्रबर्धन कार्यक्रम कार्यान्वयनको लागी प्रस्तावित आर्थिक नर्मस् अनुसुची ८ (क) बमोजिम हुनेछ ।

१६. आर्थिक प्रशासन सेवा

कार्यक्रमको लेखा लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यबिधी ऐन, २०५५ आर्थिक कार्यबिधी नियमावली, २०५४ सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्बजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ ।

१७. अनुगमन मूल्याङ्कन तथा प्रतिबेदन सम्बन्धि ब्यबस्था

यस कार्यक्रमको अनुगमन नगरपालिका तथा कानुनमा तोकिएका निकायबाट हुनेछ । मासिक चौमासिक तथा बार्षिक प्रगति प्रतिबेदन नगरपालिका तथा कानुनमा ब्यबस्था भए बमोजिम पठाउनु पर्नेछ ।

१८. थपघट वा हेरफेर गर्न सक्ने

१ यो कार्यबिधिको कार्यान्वयनलाई थप ब्यबस्थित र प्रभाबकारी बनाउन नगरपालिकाले आबश्यकता अनुसार यस कार्यबिधिमा थपघट हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२.यो कार्यबिधिको कार्यान्वयनमा कुनै बाधा अबरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अबरोध फुकाउने प्रयोजनका लागी नगरपालिकाले आबश्यकता अनुसार ब्याख्या गर्न सक्नेछ ।

अनुसुची १ (क)

एकिकृत दुग्ध उत्पादन प्रबर्द्धन कार्यक्रममा सहभागीताका लागी प्रस्ताब आव्हानको सूचना

यस नगरपालिकाको आ.ब.२०७७/०७८ को बार्षिक स्विकृत कार्यक्रम अनुसार एकिकृत दुग्ध उत्पादन प्रबर्द्धन कार्यक्रम सन्चालन गर्न साझेदारीको अवधारणा अनुरुप गाईभैसी पालक

कृषकहरुको समुह/ समिति/ सहकारी संस्थाबाट आबेदनका लागी यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक गाइभैसि पालक कृषकहरुको समुह /समिती /सहकारी संस्थाहरुले यो सूचना प्रथम पटक प्रकाशन भएको मितीले १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराम यस नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु होला । बिस्तृत जानकारीको लागी यस नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

अनुसुची १ (ख)

एकिकृत दुग्ध उत्पादन प्रबर्द्धन कार्यक्रममा सहभागीताका लागी प्रस्ताब आव्हानको सूचना

यस नगरपालिकाको आ.ब.२०७७/०७८ को बार्षिक स्विकृत कार्यक्रम अनुसार एकिकृत दुग्ध उत्पादन प्रबर्द्धन कार्यक्रम सन्चालन गर्न डेरी पकेट क्षेत्रहरुबाट उत्पादित दुधको बिबिधिकरण र बजारी गर्न  साझेदारीको अवधारणा अनुरुप निजी उध्यमि वा दुग्ध उत्पादक सहकारी संस्थाबाट आबेदनका लागी यो सूचना प्रकाशित गरिएको छ । ईच्छुकनिजी उध्यमि वा दुग्ध उत्पादक सहकारी संस्थाले यो सूचना प्रथम पटक प्रकाशन भएको मितीले १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको प्रस्ताब फारम  यस नगरपालिकामा पेश गर्नु होला । बिस्तृत जानकारीको लागी यस नगर पालिकामा सम्पर्क राख्नु हुन अनुरोध छ ।

# अनुसुची २ (क)

## एकिकृत दुग्ध उत्पादन प्रबर्द्धन कार्यक्रम डेरि पकेट क्षेत्र सन्चालनको लागी दिईने आवेदन पत्रको फाराम

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू
पाँचखाल नगरपालिका
पाँचखाल. काभ्रे ।

बिषय . एकिकृत दुग्ध उत्पादन प्रबर्द्धन कार्यक्रम डेरि पकेट क्षेत्र सन्चालनको लागी छनौट हुन पाँउ भन्ने बारे ।

महोदय,

त्यस नगरपालिकाको मिती ............................को ............................................मा प्रकाशित सूचना अनुसार ....................................................समुह/समिति/सहकारी मार्फत कार्यक्रममा संलग्न हुन ईच्छा भएकाले तपसिल अनुसारका कागजात राखी यो निबेदन पेश गरेका छौ । उक्त कार्यक्रम प्राप्त भएमा यस सम्बन्धि सम्झौता तथा मापदण्ड विपरित गरेको पाईएमा प्रचलित कानुन बमोजिम कार्यवाहीको भागेदार हुन मन्जुर रहेको ब्योहोरा समेत अनरोध गर्दछौ ।

पुनश्च-आवेदन साथ तपसिल अनुसारका कागजातहरु यसै निबेदनसाथ संलग्न राखेको ब्यहोरा समेत अनुरोध गर्दछु ।

तपसिल

१. अनुसुची -३ अनुसारको संक्षिप्त कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
३. समुह/समिति/सहकारी संस्था सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपी
४. संस्थासंग आवद्ध सदस्यहरुले प्राप्त गरेको अन्य प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदिका प्रमाणित प्रतिलिपीहरु)
५. संस्थाको तर्फबाट कार्यक्रम सन्चालन सम्बन्धी भएको निर्णयको प्रतिलिपि
६. समुह/समिति/सहकारी संस्थाका सदस्यहरुबाट कार्यान्वयन गर्ने प्रतिबद्धताको निर्णयको प्रतिलिपी

निबेदन दिने संस्थाको तर्फबाट

संस्था प्रमुखको नाम

संस्था प्रमुखको पद

संस्थाको ठेगाना

मिती संस्थाको छाप

# अनुसुची २ ख

एकिकृत दुग्ध उत्पादन प्रबर्द्धन कार्यक्रम  दुधको बजारीकरण सन्चालनको लागी दिईने आवेदन पत्रको फाराम

श्री मान प्रमुख प्रशासकिय अधिकृत ज्यू

पाँचखाल नगरपालिका

पाँचखाल.काभ्रे

बिषय . एकिकृत दुग्ध उत्पादन प्रबर्द्धन कार्यक्रम दुधको बजारीकरण सन्चालनको लागी छनौट हुन पाँउ भन्ने बारे ।

महोदय

त्यस नगर कार्यपालिकाको मिती .............................को ...........................................मा प्रकाशित सूचना अनुसार .................................................निजी उध्यमी/कम्पनी//सहकारीको पकेट क्षेत्रको दुध बजारीकरणमा योगदान पुराउन ईच्छा भएकाले तपसिल अनुसारका कागजात राखी यो निबेदन पेश गरेका छौ । उक्त कार्यक्रम प्राप्त भएमा यस सम्बन्धि सम्झौता तथा मापदण्डमा उल्लेख भए अनुसार कार्यक्रम संचालन गर्ने छौ ।र यस कार्यक्रमको लागी गरिएको सम्झौता तथा मापदण्डमा विपरित गरेको पाईएमा प्रचलित कानुन बमोजिम कार्यवाहीको भागेदार हुन मन्जुर रहेको ब्योहोरा समेत अनरोध गर्दछौ ।

पुनश्र्च-आवेदन साथ तपसिल अनुसारका कागजातहरु यसै निबेदनसाथ संलग्न राखेको ब्योहोरा समेत अनुरोध गर्दछु ।

तपसिल

१.अनुसुची -३ ख अनुसारको संक्षिप्त कार्ययोजना

२.नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी

३.निजी उध्यमी/कम्पनी /सहकारी संस्था सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपी

४.संस्थासंग आवद्ध सदस्यहरुले प्राप्त गरेको अन्य प्रमाण पत्रहरु तालिम शैक्षिक योग्यता आदिका प्रमाणित प्रतिलिपीहरु

५.संस्थाको तर्फबाट कार्यक्रम सन्चालन सम्बन्धी भएको निर्णयको प्रतिलिपि

६. निजी उध्यमी/कम्पनी /सहकारी संस्थाका सदस्यहरुबाट कार्यान्वयन गर्ने प्रतिबद्धताको निर्णयको प्रतिलिपी

७.संस्थाले गुणस्तरीय दुधको प्रशोधन बिबिधिकरण तथा बजारीकरण गर्न सक्ने आधार

निबेदन दिने संस्थाको तर्फबाट

संस्था प्रमुखको दस्तखत

संस्था प्रमुखको नाम

संस्था प्रमुखको पद

संस्थाको ठेगाना मिती                संस्थाको छाप

# अनुसुची ३ (क)

एकिकृत दुग्ध उत्पादन प्रबर्द्धन कार्यक्रम डेरि पकेट क्षेत्र सन्चालनको लागी संक्षिप्त कार्य योजना

संस्थाको नाम संस्थाको सम्पर्क टेलिफोन नम्बर

संस्थाको ठेगाना जिल्ला न. पा. वडा नं गाउँ वा टोलको नाम

| सि.न | कृषकको नाम थर | ठेगाना | भैसिको संख्या | | | गाई संख्या | | | यस बर्ष थप हुने भए | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थानिय | उन्नत | जम्मा भैसि संख्या | स्थानिय | उन्नत | जम्मा गाई संख्या | भैसि संख्या | गाई संख्या | ल्याउने श्रोत | |
| | | | | | | | | | | | | |

संस्था दर्ताको प्रमाण -प्रमाण नं.र संस्था दर्ता गरेको कार्यालयको नाम ठेगाना

संस्थाले हालसम्म गरेका उल्लेखनिय कामहरु.............................................

...................................................................

मौजुदा समिती भए दु.उ.सहकारी गठन हुने आधार

खाता संचालन गरिने बैंकको नाम र खातावालाहरुको नाम

कार्य योजनाको प्रस्ताबना .....................................

उद्धेष्यहरु.

क.

ख.

रकमको आबश्यकता

| | पहिलो बर्षको खर्च | दास्रो बर्षको खर्च | तेस्रो बर्षको खर्च | चौथो बर्षको खर्च | पाचौ बर्षको खर्च |
|---|---|---|---|---|---|
| पुजीगत खर्चका शिर्षकहरु ईकाई र परिमाण समेत खुल्ने गरि | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| चालु खर्चका शिर्षकहरु ईकाई र परिमाण समेत खुल्ने गरि | | | | | |
| | | | | | |
| जम्मा खर्च रु | | | | | |
| समुह समिती संस्थाको तर्फबाट ब्यहोर्ने | | | | | |
| स्थानिय निकाय वा अन्य संस्थाबाट ब्यहोर्ने | | | | | |
| नगरपालिका बाट रु | | | | | |

खर्च सम्बन्धी बिश्लेषणका परिकल्पनाहरु Assumption

क प्राबिधिक उत्पादनपरिकल्पनाहरु

१.गाइ /भैसिको जात

३. उन्नत गाई / भैसिको शारीरिक तौल ( के.जी.)

४.प्रति गाई / भैसि सरदर देनिक दुध उत्पादन ............. लिटर

५.मृत्यु दर.

क बाच्छा बाच्छी/पाडा पाडी ..............प्रतिशत

ख माउ २ प्रतिशत

५. आहारा शारिरिक तौलको २.५ प्रतिशत सुख्खा पदार्थको हिसाब अनुसार

क.दाना खर्च प्रति ब्याउने गाइ /भैसिको लागी प्रति दिन के.जी.

ख.दाना खर्च प्रति दुहुना गाइ /भैसिको लागी प्रति दिन के.जी.

ग. दाना खर्च प्रति कोरेली बाच्छी तथा बहर/कोरेली पाडी तथा पाडाको लागी प्रति दिन के.जी.

घ.पराल खर्च प्रति ब्याउने गाइ /भैसिको लागी प्रति दिन के.जी.

ङ पराल खर्च प्रति दुहुना गाइ /भैसिको लागी प्रति दिन के.जी.

च. पराल खर्च प्रति कोरेली बाच्छी तथा बहर/कोरेली पाडी तथा पाडाको लागी प्रति दिन के.जी.

छ.हरियो घाँस खर्च प्रति ब्याउने गाइ /भैसिको लागी प्रति दिन के.जी.

ज. हरियो घाँस खर्च प्रति दुहुना गाइ /भैसिको लागी प्रति दिन के.जी.

झ. हरियो घाँस खर्च प्रति कोरेली बाच्छी तथा बहर/कोरेली पाडी तथा पाडाको लागी प्रति दिन के.जी.

ञ.मिनरल मिक्च्चर खर्च प्रति ब्याउने गाइ /भैसिको लागी प्रति दिन के.जी.

ट. मिनरल मिक्च्चर खर्च प्रति दुहुना गाइ /भैसिको लागी प्रति दिन के.जी.

ठ. मिनरल मिक्च्चर खर्च प्रति कोरेली बाच्छी तथा बहर/कोरेली पाडी तथा पाडाको लागी प्रति दिन के.जी.

६. घाँस खेती गर्न प्रति पशुको लागी आबश्यक जमिन रोपनी

७.गोबर मल उत्पादन टन

८. प्रति पशुको लागी आबश्यक गोठको क्षेत्रफल बर्गफिट

ख बित्तिय परिकल्पनाहरु

१.जग्गा भाडामा लिदा प्रति रोपनी प्रति बर्ष रु ......

२.प्रति वर्ग फिट गोठ निर्माण खर्च रु ...

३.प्रति उन्नत गाइ/भैसि खरिद मूल्य दर रु .....

४.आहाराको मूल्य क दाना रु ......प्रति के.जी.ख.परालरु ......प्रति के.जी.ग.घाँसरु ......प्रति के.जी.ख

५.गोबर मल बिक्रि दर प्रति के.जी रु..........

६.कृत्रिम गर्भाधान खर्च प्रति पशु रु ........

७. पहिलो बर्ष लगानि भएको पुँजीगत र चालु खर्चको रिनको ब्याज दर ....प्रतिशत प्रर्तिवर्ष

१२.दोस्रो बर्षदेखि हुने चालु खर्च फार्मको उत्पादनको बिक्री गरिने ।

१३.उन्नत गाई/भैसि श्रोत केन्द्रको लागी निर्मित गोठ स्टोर मलखालको आयु ..... बर्ष र मेसेनरी उपकरण पानि बितरण प्रणाली तथा फार्मको बिबिध उपकरणहरुको ..... बर्षको आयु हुने हुदा सोहि अनुसार यस परियोजनामा मुल्य ह्रास समाबेस गरिने छ ।

१४ओषधी खनिज तथा भ्याक्सीनको लागी प्रति पशु ..... खर्च हुने छ ।

१५. १ जना कामदारबाट .......वटा पशुको हेरचार गर्न सकिने प्रति कामदार प्रति महिना रु.....

१६.उन्नत गाई/भैसि दुहुना भए पछि बिक्री गरिने मुल्यप्रति दुहुनाभैसि रु .......

१७.फार्ममा संरक्षण गरिने जम्मा उन्नत गाई/भैसीको संख्या ........... गोटा

परियोजनाको अपेक्षित बार्षिक आम्दानी

(क) .... लि दुध बिक्री ......

(ख)अन्य बिक्रीबाट रु ......

परियोजना अबधिको अपेक्षित कुल बार्षिक आम्दानी ( ५ बर्षको )

(क) .... लि दुध बिक्री ......

(ख)अन्य बिक्रीबाट रु ......

**आय ब्यय खर्च बिबरण**

| क्र.स. | आय ब्यय खर्च बिबरण | पहिलो बर्ष | दोस्रो बर्ष | तेस्रो बर्ष | चौथो बर्ष | पाँचौ बर्ष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | कुल आय रु | | | | | | |
| २ | कुल खर्च रु | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | खुद नाफा रु | | | | | | |

अपेक्षित उपलब्धिहरु

समुह/समिती/सहकारी/ संस्थाको तर्फबाट सहि गर्नेको

नाम. संस्थाको छाप

पद. मिति

दस्तखत

अनुसुची ३ (ख)

एकिकृत दुग्ध उत्पादन प्रबर्द्धन कार्यक्रम ( दुधको बजारीकरण) सन्चालनको लागी संक्षिप्त कार्य योजना

संस्थाको नाम संस्थाको सम्पर्क टेलिफोन नम्बर

संस्थाको ठेगाना जिल्ला न. पा. वडा नं गाउँ वा टोलको नाम

सम्बन्धित बजार क्षेत्र .......... मा भएको /हुने दुध तथा दुग्ध पदार्थको माग र आपुर्ति

| सि.नं. | दुध तथा दुग्धजन्य पदार्थ | ईकाई | माग | हालको आपुर्ति | आपुर्तिको श्रोत | प्रस्तावक संस्थाले थप गर्ने | |
|---|---|---|---|---|---|---|---|
| | | | परिमाण (दैनिक ओसतमा) | परिमाण (दैनिक ओसतमा) | | परिमाण (दैनिक ओसतमा) | प्राप्त गर्ने श्रोत |
| | | | | | | | |
| | | | | | | | |

संस्था दर्ताको प्रमाण -प्रमाण नं.र संस्था दर्ता गर्ने कार्यालयको नाम ठेगाना

संस्थाले हालसम्म गरेका उल्लेखनिय कामहरु(दुध तथा दुग्ध पदार्थको परिमाण खुल्ने गरि)

............................................ ...................................................................

खाता संचालन गरिने बैंकको नाम र खातावालाहरुको नाम

कार्य योजनाको प्रस्ताबना

उदेष्यहरु

(क)......

(ख)......

रकमको आबश्यकता

| | पहिलो ब खर्च रु | दोश्रो बर्षको खर्च रु | तेश्रो बर्षको खर्च रु | चौथो बर्षको खर्च रु | पाचौ बर्षको खर्च रु |
|---|---|---|---|---|---|
| पुजिगत खर्चका शिर्षकहरु ईकाई र परिमाण समेत खुल्ने गरि | | | | | |
| | | | | | |
| चालु खर्चका शिर्षकहरु ईकाई र परिमाण समेत खुल्ने गरि | | | | | |
| | | | | | |
| जम्मा खर्च रु | | | | | |
| उध्योग संस्थाको तर्फबाट ब्यहोर्ने रु | | | | | |
| स्थानिय निकाय वा अन्य संस्थाबाट ब्यहोर्ने रु | | | | | |
| नगरपालिकाबाट रु | | | | | |

आय ब्यय खर्च बिबरण

| क्र.स. | आय ब्यय खर्च बिबरण | पहिलो बर्षखर्च | दोश्रो बर्ष रु | तेश्रो बर्ष रु | चौथो बर्ष रु | पाचौ बर्ष रु | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | कुल आय रु | | | | | | |
| २. | कुल खर्च रु | | | | | | |
| ३. | खुद नाफा | | | | | | |

अपेक्षित उपलब्धीहरु

उध्योग/सहकारी संस्थाको तर्फबाट सहि गर्नेको

नाम. संस्थाको छाप

पद. मिति

दस्तखत

## अनुसुची ४ (क)

एकिकृत दुग्ध उत्पादन प्रबर्द्धन कार्यक्रम (डेरि पकेट क्षेत्र) सन्चालनका लागी संस्थाको छनौट गर्दा अपनाईने मूल्यांनका आधार

| क. सं. | द. न. | आवेदक संस्थाको नाम | ठेगाना | कार्य योजना (२५) | ब्यबसाय को सम्भाब्यता/उपयुक्ता (२५) | अनुभब/तालीम (१०) | ब्यबस्थापन गरिरहेको उन्नत पशु संख्या(२०) | दु.उ.स.स. गठन भएको वा हुने आधार (२०) | कुल प्राप्ताङ्क (१००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |

छनौट समिती (नगर स्थित पशु बिकाश कार्यदल) का पदाधिकारीहरुको

| नाम थर | पद | कार्यलय/ठेगाना | दस्तखत |
|---|---|---|---|

१.

२.

३.

४.

५.

६.

७.

८.

९.

१०.

अनुसुची ४ (ख)

एकिकृत दुग्ध उत्पादन प्रबर्द्धन कार्यक्रम दुध बजारीकरण  सन्चालनका लागी संस्थाको छनौट गर्दा अपनाईने मूल्यांनका आधार

| क. सं. | द.न . | आवेदक संस्थाको नाम | ठेगाना | कार्य योजना (२५) | ब्यबसाय को सम्भाब्यता /उपयुक्ता (२५) | अनुभब/ तालीम १० | हाल दुध तथा दुग्धजन्य पदार्थको ब्यबसाय गरिरहेको परिमाण गत आ.ब.लाई आधार मानेर(१५) | गुणस्तरिय दुधको थप कारोबार गर्न सक्ने परिमाण र आधार (२५) | कुल प्राप्ताङ्क(१० ०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

# छनौट समिती

छनौट समिती (नगर स्थित पशु बिकाश कार्यदल) का पदाधिकारीहरुको

| नाम थर | पद | कार्यलय/ठेगाना | दस्तखत |
|---|---|---|---|

१.

२.

३.

४.

५.

६.

७.

८.

९.

१०.

अनुसुची ५ (क)

पाँचखाल नगरपालिका द्वारा संचालन गरिने एकिकृत दुग्ध उत्पादन प्रबर्द्धन कार्यक्रम (डेरि पकेट क्षेत्र) को उद्देष्य अनुरुपको उपलब्धी हासिल गर्न पाचँखाल नगरपालिका ( यस पछि पहिलो पक्ष भनिने ) र ................................................................समुह/समिती/सहकारी ....................................( यस पछि दोस्रो पक्ष भनिने ) बीच तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रहि एकिकृत दुग्ध उत्पादन प्रबर्द्धन कार्यक्रम (डेरि पकेट क्षेत्र) संचालन गर्न द्धिपक्षीय सम्झौता सप्पन्न भयो ।

१. दोस्रो पक्षले निरन्तररुपमा कम्तिमा ५०/१००/२००/३००/४००/५०० गोटा उन्नत माउ गाई वा माउ भैसि पालन गरेका /यस आ.ब.को अन्तसम्म पाल्ने हुनु पर्नेछ । प्रतिदिन कम्तिमा ५०० लि. भन्दा बढि थप दुध संगठित बजारमा बिक्री गर्नुपर्ने छ र पशुको अनिवार्य बिमा गर्नु पर्ने छ ।

२. दोश्रो पक्षले हरेक बर्ष आफ्नो पकेट क्षेत्रमा रहेका समस्याहरुको पहिचान गरि प्राथमिकताको आधारमा आबश्यक पर्ने कार्यक्रम तथा बजेटहरु तर्जुमा गरि नगरपालिकामा प्रस्ताब स्वीकृतिको लागी पेश गर्नु पर्नेछ ।

३. दोश्रो पक्षले कम्तिमा दुई जनाको संयुक्त हस्ताक्षरबाट कारोबार हुने गरी नेपाल सरकारबाट स्वीकृत प्राप्त नजिकको बाणिज्य बैंक/नेपाल बैंक लिमूटेडमा खाता खोल्नु पर्नेछ र दोश्रो पक्षले नगरपालिकाबाट स्विकृत कार्यक्रम सन्चालन गरि खर्चको भुक्तानि दिएको सक्कलै निस्सा प्रमाण सहित पेश हुन आएमा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत वा नगरपालिका पशुपंक्षी बिकाश शाखाका प्रमुखले स्थलगत निरिक्षण गरि प्रमाणित भए पछि बिनियोजन भएको अनुदान रकम एकै पटक वा किस्ता स्वरुप उक्त खातामा जम्मा गरि दिने छ ।

४.दोश्रो पक्षले अनुदान रकम सफा दुध उत्पादनका लागी आबश्यक भौतिक पूर्वाधार निर्माण एवं खर्च भएर नजाने टिकाउ हुने माल सामग्रीहरुको लागी र आबश्यक परेमा कुल रकमको २० प्रतिशत सम्म पहिलो वर्षका लागी मात्र उन्नत पशु ढुवानीमा मात्र खर्च गर्नु पर्नेछ ।

५.दोश्रो पक्षले ब्यबसाय बिस्तार तथा सुदृढिकरण गर्न रीनको आवश्यकता महसुस गरेमा प्रमथ पक्षले सो सम्बन्धि सहजीकरणको लागी बित्तिय संस्थासँग समन्वय गर्नु पर्नेछ ।

६.प्रथम पक्षले दोश्रो पक्षलाई असल ब्यबस्थापन बिधि बमोजिम कार्यक्रम संचालनको लागी सरोकारवाला निकायसँग समन्वय गरी बढिमा ५ बर्ष सम्म सहयोग उपलब्ध गराई कार्यान्वयन गराउनु पर्नेछ ।

७. दोश्रो पक्षले स्विकृत बार्षिक कार्ययोजना अनुरुप कार्यान्वयनको लागी मात्र खर्च गर्नु पर्ने छ र सो को अध्यावधिक प्रगति तयार गरि हरेक महिना प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

८. दोश्रो पक्षले पशु पालन ब्यबस्थापनको लागी गरिने सम्पूर्ण कार्यहरुको अभिलेख बिबरण अजुसूचि ७ (क) देखि अनुसूचि ७(घ) सम्म राखी अध्यावधिकगरिरहनु पर्नेछ ।

९.प्रथम पक्षले संचालित

| | |
|---|---|
| प्रथम पक्ष | दोस्रो पक्ष |
| पाँचखाल नगरपालिकाको तर्फबाट सहि गर्नेको | संस्थाको अध्यक्षको |
| नाम. | नाम. |
| पद. | ठेगाना. |
| दस्तखत. | दस्तखत. |
| मिति. | मिति. |
| कार्यलयको छाप | ओठा छाप |

द्रष्टब्य पाँचखाल नगरपालिकाले आवश्यकता अनुसार उल्लेखित शर्तहरुमा थपघट गर्न सक्ने छ ।

अनुसुची ५ (ख)

सम्झौता पत्रको नमुना

पाचँखाल नगरपालिका द्धारा संचालन गरिने एकिकृत दुग्ध उत्पादन प्रबर्द्धन कार्यक्रम (दुधको बजारीकरण) को उदेष्य अनुरुपको उपलब्धी हासिल गर्न पाचँखाल नगरपालिका ( यस पछि पहिलो पक्ष भनिने ) र ..............................................................उध्योमी //सहकारी/कम्पनी/निजिउध्योमी .....................................( यस पछि दोस्रो पक्ष भनिने ) बीच तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रहिउन्नत गाई /भैसि श्रोत केन्द्र स्थापना तथा संचालन गर्न दिपक्षीय सम्झौता सप्पन्न भयो ।

१. डेरि पकेट क्षेत्रमा आबद्ध समुहका कृषक सदस्यहरुले उत्पादन गरेको दुध अनिबार्य रुपमा संकलन, प्रशोधन र बजारीकरण गर्नु पर्ने छ ।

२. दोश्रो पक्षले निरन्तर रुपमा कम्तिमा ५०० देखि ३००० लि. दुधको दैनिक कारोबार गर्नु पर्ने छ ।

३. दोश्रो पक्षले हरेक बर्ष आफ्नो संस्थामा रहेका समस्याहरुको पहिचान गरि प्राथमिकताको आधारमा आबश्यक कार्यक्रम तथा बजेटहरु तर्जुमा गरी पाँचखाल नगरपालिकामा पेश गर्नु पर्नेछ ।

४. दाश्रो पक्षले संस्था/उध्योगको निर्णय अनुसार नेपाल सरकारबाट स्विकृत प्राप्त नजीकको बाणिज्य बैंकमा खाता खोल्नु पर्ने छ र दाश्रो पक्षले पाँचखाल नगरपालिकाबाट स्विकृत कार्यक्रम सन्चालन गरि खर्चको भुक्तानी दिएको सक्कलै निस्सा प्रमाण सहित पेस हन आएमा पाँचखाल नगरपालिकाको प्रमुख वा नीजले खटाएको सम्बन्धित अधिकृतलले स्थलगत निरिक्षण गरि प्रमाणित भए पछि बिनियोजन भएको अनुदान रकम एकै पटक वा किस्ता स्वरुप उक्त खातामा जम्मा गरि दिनेछ ।

५. दाश्रो पक्षले अनुदान रकम गुणस्तरिय दुध संकलन प्रशोधन बजारीकरण र बिबिधिकरणका लागी भौतिक पुर्वाधार निर्माण एवं खर्च भएर नजाने टिकाउ हुने माल सामाग्रीको लागी मात्र खर्च गर्नु पर्नेछ ।

६. दाश्रो पक्षले अनबार्यरुपमा आफ्नो उध्योगमा प्रथम पक्षको सहयोगमा Dairy Quality circle स्थापन र मिनिल्याब स्थापना पर्नेछ ।

७. दाश्रो पक्षले ब्यबसाय बिस्तार तथा सुदृढिकरण गर्न ऋणको आवश्यकता महसुस गरेमा प्रमथ पक्षले सो सम्बन्धि सहजीकरणको लागी बित्तिय संस्थासँग समन्वय गराउनेछ ।

८. प्रथम पक्षले दाश्रो पक्षलाई असल उत्पादन बिधि बमोजिम कार्यक्रम संचालनको लागी सरोकारवाला निकायसँग समन्वय गरी बढिमा ५ बर्ष सम्म सहयोग उपलब्ध गराई कार्यान्वयन गराउनु पर्नेछ ।

९. दाश्रो पक्षले स्विकृत बार्षिक कार्ययोजना अनुरुप कार्यान्वयनको लागी मात्र खर्च गर्नु पर्नेछ र सो को अध्यावधिक प्रगति तयार गरि हरेक महिना प्रथम पक्षलाई उपलब्ध गराउनु पर्ने छ ।

१०.दाश्रो पक्षले पशु पालन ब्यबस्थापनको लागी गरिने सम्पूर्ण कार्यहरुको अभिलेख बिबरण राखी अध्यावधिक गरिरहनु पर्नेछ ।

११.पहिलो पक्षले संचालित कार्यक्रमको प्रगति सन्तोषजनक नपाएमा तोकिएको अबधिसम्म कार्यक्रमलाई निरन्तरता दिन बाध्य हुने छैन ।

१२.पहिलो पक्षको कार्यक्रम अबधि समाप्त भए पछि दोस्रो पक्षले कार्यक्रमलाई निरन्तरता दिनु पर्नेछ ।

१३.दोस्रो पक्षले यस कार्यक्रमको लागी गरिएको सम्झौता तथा मापदण्ड बिपरित गरेको पाइएमा बिध्यमान कानुन बमोजिम कार्यबाहिको भागेदारी हुनु पर्नेछ ।

| | |
|---|---|
| प्रथम पक्ष | दोस्रो पक्ष |
| पाँचखाल नगरपालिकाको तर्फबाट सहि गर्नेको | संस्थाको अध्यक्षको |
| नाम. | नाम. |
| पद. | ठेगाना. |
| दस्तखत. | दस्तखत. |
| मिति. | मिति. |
| कार्यलयको छाप | ओठा छाप |

द्रष्टब्यः पाँचखाल नगरपालिकाले आबश्यकता अनुसार उल्लेखित शर्तहरुमा थपघट गर्न सक्नेछ ।

# अनुसुची ६

एकिकृत दुग्ध उत्पादन प्रबर्द्धन कार्यक्रमको प्रगति विवरण पठाउने फारामको ढाँचा

महिना /चौमासिक/अष्ठमासिकको लक्ष्य र प्रगति

१.संस्थाको नाम संस्थाको सम्पर्क टेलिफोन

२.आ.ब. ३.महिना ४.प्रगति प्रतिबेदन अबधि. अर्धबार्षिक/बार्षिक

| क्र.स. | कार्यक्रमको विवरण | ईकाई | बार्षिक लक्ष्य | बार्षिक बजेट | चौमासिक लक्ष्य | चौमासिक बजेट | यस महिनाको प्रगति | यस महिनाको खर्च | चौमासिक प्रगति | चौमासिक खर्च | हालसम्मको प्रगति | हालसम्मको खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |

बित्तिय प्रगति प्रतिशत भारित प्रगति प्रतिशत भौतिक प्रगति प्रतिशत

# अनुसुची ७(क)

## पशु प्रजनन रेकर्ड

| | | | | | | कृ.ग. वा प्रा.ग. गरेको मिती | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. स. | गाइ भैसिको ट्याग नं | गाइ भैसिको जात | गाइ भैसिको उमेर | गाइ भैसिको बाबुको जात | बेत संख्या | पहिलो पटक | साढे वा रागोको जात | उल्टीए दोश्रो पटक | साढे वा रागोको जात | उल्टीए तेश्रो पटक | साढे वा रागोको जात | गर्भ परिक्षण मिती | गर्भ रहेको भए ब्याउने | ब्याएको मिती | जन्मेको बाच्छा | दुध उत्पादन प्रति दिन | कैफियत |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

# अनुसुची ७(ख)

## पशु उपचार रेकर्डको नमुना (प्रत्येक गाइ भैसिको लागी)

| मिति | पशुको ट्याग नं | उमेर | पशुको ट्याग नं | उमेर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

आईपरेका बाधा अडचनहरु समाधानको लागी

सुझाबहरु

१. १.

२. २.

# अनुसुची ७(ग)

गाईभैसिको मासिक हर्ड बुक नमुना

एकिकृत दुग्ध उत्पादन प्रबर्द्धन कार्यक्रम

संचालक संस्थाको नाम ठेगाना साल

| गाईभैसिको संख्या बिबरण | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | यस महिनाको शुरुको पशु संख्या | | | | | | यस महिनामा जन्मेको | | यस महिनामा मरेको संख्या | | | | | | यस महिनामा बिक्रि संख्या | | | | | | महिनाको अन्तमा बाकि संख्या | | | | | |
| महिना | ठूला | | मझौला | | साना | | भाले | पोथी | ठूला | | मझौला | | साना | | ठूला | | मझौला | | साना | | ठूला | | मझौला | | साना | |
| | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | | | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

प्रगति तयार गर्नेको नाम

हस्ताक्षर

पद

मिति

प्रमुखको नाम

हस्ताक्षर

मिति

# अनुसुची ७(ग)

## हर्ड बुक नमुना (प्रेत्यक गाई/भैसीको लागी अलग अलग रेकर्ड राख्ने

एकिकृत दुग्ध उत्पादन प्रबर्द्धन कार्यक्रम

कृषक/समुह/संस्थाको नाम. ठेगाना

पशुको नाम वा संकेत र चारित्रिक विबरण जात. टयाग नम्बर

बाउको संकेत रा चारित्रिक बिबरण

| मिती उमेर दिन | तौल (के.जी | परजीबि नियन्त्रण बिबरण | भ्याक्सीनेसन बिबरण | स्वास्थ्य समस्यार उपचार |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

अनुसुची ८(क)

संचालन गरिने कृयाकलापहरु


| कार्यक्रम /क्रियाकलापहरु | रकम रु |
|---|---|
| मध्य महाडी लोक मार्ग तथा हुलाकि मार्गका बजार लक्षित एकिकृत दुग्ध उत्पादन प्रबर्दन कार्यक्रम | |
| **१.आधारभुत कार्यक्रम संचालन खर्च (संस्था साझेदार नहुने)** | |
| १.१. प्रस्ताब आव्हानको सूचना | ५०००/- |
| १.२. प्रस्ताबहरुमा मुल्याङ्कन / प्रतिबेदन | १००००/- |
| १.३. नगर पशु विकाश कार्यदलको बैठक | २००००/- |
| १.४. समुह गठन (५ वटा ५ हजारका दरले) | २५०००/- |
| १.५. नगरपालिकाद्वारा अनुगमन | ५००००/- |
| १.६.छनौट सहकारी वा अन्तर समुह बैठक वा समुह बैठक ६ पटक | १८०००/- |
| १.७.प्राबिधिक सहजकर्ता | ३२०००० |
| १.८. सेक्स वा नोन सेक्स वा दुबै किसिमका सिमेन खरिद र कृत्रिम गर्भाधान | २०००००/- |
| १.९. क्षमता अभिबृध्दि(असल पशु पालन पध्दति अबलम्बन र सुसासन | १००००० |
| १.१०. डेरि क्वालिटी सर्कल स्थापना  र परिचालन | २०००० |
| **२ एकिकृत दुग्ध उत्पादन प्रबर्द्धन कार्यक्रम डेरि पकेट क्षेत्र सन्चालन (छनौट संस्था साझेदार हुने)** | |
| २.१. कृ.ग. नहुने स्थानमा रागो/साढे खरिद र बितरण  श्रोत केन्द्रबाट सम्झौता गरि राँगो रु ५० हजार र साँढे रु ४० हजार र ढुवानी रु ५ हजार (यस शिर्षकमा १.झ.को कार्यक्रम नहुने भएमा सो शिर्षकको बजेटबाट हुने ) | |
| २.२. पशु आहारा सेवा (घाँसका बीउ तथा बेर्ना वितरण कबुलियती बन तथा खालि जग्गा लिज साना सिंचाई च्याफ कटर टि.एम.आर.साईलेज प्रबिधि परालमा युरिया उपचार युरिया मोलासेस मिनरल ब्लक आदि | ४०००००/- |
| २.३. पशु स्वास्थय सेवा (सुचिकृत आषधि बितरण खोप सेवा | १०००००/- |
| २.४. गोठ सुधार तथा बायोग्यास वा सोलार प्रबध्दन वा उन्नत पशु ढुवानीको लागी कार्यबिधी अनुसार एकमुष्ट  अनुदान सफा दुध उत्पादनका लागी सामान बितरण | ३५३०००/- |
| **३. दुग्ध उत्पादन प्रबर्द्धन कार्यक्रम दुध बजारीकरण  सन्चालन(छनौट संस्था साझेदार हुने)** | |
| ३.१ दुग्ध संकलन केन्द्र संस्थापना सुदृढिकरण तथा मिनिल्याप उपकरण तथा सामाग्रीहरुमा सहयोग(यस शिर्षकमा बिनियोजित रकम उल्लेखित काममा खर्च गर्न पर्ने नभएमा शिर्षक ३.२मा खर्च गर्न सकिने छ । | १०००००/- |
| ३.२ छनौट संस्थाको सम्झौता तथा मापदण्ड अनुसार दुग्ध प्रशोधन तथा बजारिकरण सम्बन्धित मेसिन तथा उपकरण रअन्य | ७०००००/- |

## अनुसुची ८ (ख)

### Dairy Qulality Circle [DQC] गठन र परिचालन

मध्य महाडी लोक मार्ग तथा हुलाकि मार्गका बजार लक्षित एकिकृत दुग्ध उत्पादन प्रबर्दन कार्यक्रमसग सम्बन्धित

- ❖ डेरि ब्यबसाय संचालन गर्ने ब्यबसायी वा दुग्ध ब्यबसायी उध्योमी दुग्ध उत्पादन उध्योग दुग्ध प्रशोधन तथा बिबिधिकरण उध्योग दुग्धजन्य पदार्थ बजारिकरण उध्योग वा संस्थाहरुले समुह गठन गर्नेछन् ।
- ❖ सम्बन्धित उध्योगको ब्यबस्थापक/प्रमुखले आफ्ना कर्मचारी लगायत अन्यलाई संलग्न गराई समुह गठन गर्दछन् ।यसको संरचना निम्न अनुसारको हुनसक्छ ।



चित्रः Dairy Quality Circle (DQC)

- ❖ उध्योगको आकार अनुसार ५--११ जनाको DQC बनाउन सकिनेछ ।हालएकिकृत दुग्ध उत्पादन प्रबर्दन कार्यक्रमका साझेदार उध्योग /सहारी संस्थामा यस नगरपालिका कम्तिमा एक वटा DQCगठन हुनेछ ।
- ❖ Non DQC सदस्यहरुमा उपभोक्ताहरु, नगर /प्रदेश स्थित नियमनकारी निकाय समेत रहनेछन् ।

- ❖ यो DQC को प्रमुख उदेष्यहरु गोठ देखि ओठसम्म स्वच्छ र स्वस्थ्य दुध तथा दुग्धजन्य पदार्थ उपलब्ध गराउनु. दुध तथा दुधजन्य उध्योगहरुमा दुध तथा दुधजन्य पदार्थहरुको गुणस्तर कायम राखु हो ।

**DQC का प्रमुख कार्यहरु**

(क) उध्योग ब्यबस्थापन कर्मचारी तथा Non DQC सदस्यहरु सम्मिलित बैठक कम्तिमा २ महिनामा एक पटक नियमित रुपमा बस्ने. नियमित गर्ने. निर्णय गर्ने र प्रगति प्रतिबेदन नगरपालिकामा पठाउने ।बैठकमा गुणस्त कायम राख्न गरिएका कार्यको समिक्षा गुणस्तर कायम गर्न आगामि कार्य तथा जिम्मेवारी र नयाँ उत्पादन बनाउने भए सो लगायत बिबिध बिषयमा छलफल गर्न सकिन्छ ।

(ख) गुणस्तर कायम गर्न आबश्यक कार्यबिधि मापदण्ड Standard of Operation (SOP) वा Protocol तयार गरि प्रयोगशाला उत्पादन तथा प्रशोधन इकाईमा लागु गर्ने ।

(ग) सम्बन्धित उध्योग / ब्यबसायबाट उत्पादीत दुध तथा दुग्धजन्य पदार्थको न्यूनतम मापदण्ड तोकेर सो लागु गर्न सहयोग गर्ने

अनुसुची ९

## नगर पशु विकास कार्यदल

नगर पशु विकास कार्यदलमा तपसिल बमोजिमको कमिटी रहनेछ ।

अध्यक्षः नगरपालिका प्रमुख

सदस्य सचिबः प्रमुख प्रशासकीय अधिकृत, पाँचखाल नगरपालिका

सदस्य : नगरपालिकाको वडा अध्यक्ष, आर्थिक विकास समितिका संयोजक

सदस्य : प्रमुख, पाँचखाल नगरपालिका, पशु पंक्षि विकास शाखा

सदस्य : प्रमुख,पाँचखाल नगरपालिका, योजना शाखा

सदस्य : प्रमुख, पाँचखाल नगरपालिका, कृषि शाखा

सदस्य : प्रमुख, इलाका वन कार्यालय, पाँचखाल नगरपालिका

सदस्य : प्रमुख, पाँचखाल नगरपालिका, सहकारी शाखा

आमन्त्रित सदस्य : आवश्यकता अनुसार